
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ४ गते शुक्रबार ❑ 21 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सीमित साधन स्रोतका बाबजुद नेपाली खेलाडीको योगदान महत्वपूर्ण : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, ३ कार्तिक

प्रधानमन्त्री शेरबहादुर देउवाले सीमित साधनस्रोतका बाबजुद खेलका माध्यमबाट नेपाली खेलाडीले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ।

नवौँ राष्ट्रिय खेलकुदको बिहीबार पोखरामा आयोजित समापन समारोहमा उहाँले नेपाली खेलाडीले राष्ट्रिय एवं अन्तर र्राष्ट्रियरूपमा उत्कृष्ट प्रदर्शन गरी देशको गरिमालाई उँचो बनाएको बताउनुभयो । राज्यमा खेलको विशिष्ट महत्त्व रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यसको विकासका लागि राज्यको लगानीसँगै निजी क्षेत्रको लगानीलाई पनि प्रोत्साहित गरिनुपर्नेमा जोड दिनुभयो । स्थानीय एवं प्रदेशस्तरमा खेलको विकासका लागि पूर्वाधारलगायतलाई प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो।



नवौँ राष्ट्रिय खेलकुदका सन्दर्भमा बनेका तथा स्तरोन्नति गरिएका पूर्वाधारको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। नवौँ राष्ट्रिय खेलकुदलाई सम्पन्न गर्न खट्ने युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्‌लगायतलाई प्रधानमन्त्रीले धन्यवाद व्यक्त गर्नुभयो।

यस राष्ट्रिय खेलकुदले खेल क्षेत्रका लागि विशष्ट योगदान गरेको बताउँदै उहाँले राष्ट्रिय खेलकुदलाई नियमित र व्यवस्थित गर्दै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो । नवौँ राष्ट्रिय खेलकुदका क्रममा ज्यान गुमाएका प्याराग्लाइडिङका खेलाडी निमिस थापाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै प्रधानमन्त्रीले शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभयो । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले नवौँ राष्ट्रिय खेलकुद नेपाली खेल क्षेत्रका लागि महत्त्वपूर्ण बनेको बताउनुभयो । गण्डकी प्रदेशमा सम्पन्न यस प्रतियोगिताले खेल क्षेत्रमा नयाँनयाँ प्रतिभासमेत स्थापित गरेको उल्लेख गर्दै उहाँले गण्डकी प्रदेशको खेलको सम्भावनालाई थप उजागर गरेको बताउनुभयो। खेल क्षेत्रको विकास सरकारको प्राथमिकतामा रहेको बताउँदै उहाँले आगामी दिनमा यस क्षेत्रलाई अझै व्यवस्थित गर्दै लगिने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय खेलकुद परिषद्‌का उपाध्यक्ष शिव कोइरालाले नवौँ राष्ट्रिय खेलकुदले गण्डकीलाई खेलको केन्द्रका रूपमा स्थापित गरेको बताउनुभयो । खेललाई सम्पन्न गराउन योगदान गर्ने सबैप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो।

राष्ट्रिय खेलकुद परिषद्‌का सदस्य सचिव टङ्कलाल घिसिङले नवौँ राष्ट्रिय खेलकुदअन्तर्गतका खेल भव्यताका साथ सम्पन्न भएको बताउनुभयो । राष्ट्रिय खेलकुद परिषद्‌को ११५औँ बोर्ड बैठकले आगामी १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमा गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गण्डकी प्रदेशको राजधानीमा सम्पन्न खेलले यहाँको खेलका सम्भावनालाई उजागर गरेको बताउनुभयो। खेलकुदको समग्र विकासमा राज्यको ध्यान पुग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

## नवौं खेलकुदमा आर्मीको जित, प्रदेशमा गण्डकी प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ३ कार्तिक

विभागिय टोली त्रिभुवन आर्मी क्लवले राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ मा पोखराबाट ह्याट्रिक पुरा गरेको छ।

गण्डकी प्रदेशको राजधानि पोखरामा केन्द्रित भई असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा त्रिभुवन आर्मीले १ सय ७२ स्वर्ण पदक सहित यसपाली समेत उपाधि कब्जा गरी ह्याट्रिय पुरा गरेको हो।

आर्मीले १ सय ७२ स्वर्ण सहित १ सय ९ रजत ८९ कास्य पदक सहित ३ सय ७० पदक सहित पहिलो पटक निर्माण गरिएको रनिङ ट्रफि प्राप्त गऱ्यो। आर्मीले यस अघिका सातौं र आठौं संस्करणको उपाधि समेत जितेको थियो। बिजेता आर्मीले १० लाख बराबरको सुन र चाँदीबाट जडित रनिङ ट्रफी प्राप्त गऱ्यो।

६५ स्वर्ण ७३ रजत र ८१ कास्य सहित २ सय १९ पदक सहित शसस्त्र प्रहरी बलको एपिएफ क्लव दोश्रो, ६१ स्वर्ण ६१ रजत र ७३ कास्य पदक सहित १ सय ९५ पदक सहित नेपाल प्रहरी क्लव तेश्रो भएको छ। घरेलु मैदानको सदुपयोग गर्दै गण्डकी प्रदेश चौथो तथा प्रदेशहरु मध्य पहिलो हुन सफल भयो। बागमती प्रदेशलाई पछि पार्दै गण्डकीले ३२ स्वर्ण, ३१ रजत ५७ कास्य सहित १ सय २० पदक सहित समग्रमा थौचो भएको हो। बागमती प्रदेशले २४ स्वर्ण ४७ रजत र ७४ कास्य पदक सहित १ सय ४५ पदक सहित पाँचौं स्थानमा रहेको छ।

प्रदेश १ ले १० स्वर्ण २३ रजत र ५० कास्य पदक सहित छैटौं भएको छ । १० स्वर्ण, १० रजत ४३ कास्य सदक सहित सुदुरपश्चिम प्रदेश सातौं, एनआरएनए १० स्वर्ण ९ रजत ७ कास्य पदक सहित आठौं, ६ स्वर्ण २२ रजत र ४० कास्य पदक सहित लुम्बिनी प्रदेश नवौं स्थानमा रहेको छ। मधेष प्रदेश दशौं स्थानमा र कर्णाली प्रदेश अन्तिम तथा एघारौ स्थानमा रहेको छ। मधेष प्रदेशले ५ स्वर्ण ८ रजत र २६ कास्य पदक जित्दा कर्णाली प्रदेशले २ स्वर्ण ४ रजत र १२ कास्य पदक जितेको हो। सुरुमा ४ सय ४ स्वर्ण पदकमा प्रतिष्प्रर्धा हुने घोषणा गरिए पनि प्याराग्लाईडिङ, पौडी र आर्चरीमा २/२ स्वर्ण पदक र स्क्वास र सफ् टेनिसमा एक एक स्वर्ण पदकको लागि खेल स्थगित भएको प्रविधिक संयोजक हिमाल दाहालले बताए । जिम्न्याष्टिक तर्फ एकै विधामा दुई वटा स्वर्ण पदक वितरण गरिएको छ । गण्डकी प्रदेशका ८ जिल्लामा उक्त प्रतियोगिता भएको हो भने सुटिङ र पुरुष क्रिकेट काठमाण्डौंमा भएको थियो । ३६ खेलको लागि ६ हजार १ सय ५७ जना खेलाडीहरु सहभागि भएका थिए।

एक समारोहका बिच प्रधानमन्त्री शेरबहादुर देउवा, युवा तथा खेलकुद मन्त्री महेश्वर जंग गहतराज, राखेपका सदस्य सचिब टंकलाल घिसिङ, पोखराका मेयर धनराज आचार्य लगायतले पुरस्कार वितरण गरेका थिए । यसैबिच आगामी २०८१ मा कर्णाली प्रदेशमा १० औं संकरणको खेलकुद प्रतियोगिता हुने भएको छ।

नवौं राष्ट्रिय खेलकुदका प्रमुख अतिथी प्रधानमन्त्री शेरबहादुर देउवाले दशौं राष्ट्रिय खेलकुद आयोजक प्रदेश कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री यज्ञबहादुर बि.सी.लाई राष्ट्रिय खेलकुदको झण्डा हस्तान्तरण गरे । यस अघि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले दशौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशमा गर्ने निर्णय गरेको जानकारी गराए। परिषद्को ११५ औं बैठकबाट दशौं राष्ट्रिय खेलकुद २०८१ मंसिर २ देखि ९ गते सम्म कर्णालीमा आयोजना हुने निर्णय गरेको हो।

## निमिसलाई सम्झँदै सकियो प्याराग्लाइडिङ

पोखरापत्र संवाददाता
पोखरा, ३ कार्तिक

नवौँ राष्ट्रिय खेलकुद अन्तर्गतको प्याराग्लाइडिङ खेल निमिसलाई सम्झँदै सकिएको छ। प्रतियोगिताको अन्तिम दिन मङ्गलबार खेलकै क्रममा ज्यान गुमाएका प्याराग्लाइडिङका निसिम थापालाई सम्मानस्वरुप स्वर्ण पदक र २५ हजार नगद दिइएको छ।

खेलाडी गुमाउनुको पीडालाई राज्यले थप सम्मान दिने निर्णय गरिएको छ । प्याराग्लाइडिङका खेलाडी थापालाई सरकारले सम्मानस्वरुप स्वर्ण पदक दिएको हो। उहाँका काका भेनस थापाले पदक लिनुभयो। थापाको नाममा पोखरा रङ्गशालामा अर्धकदको सालिक बन्नेछ । बीमाको रकम बाहेक मन्त्रिपरिषद्‌बाट थप सहायताको लागि युवा तथा खेलकुद मन्त्रालयले प्रस्ताव लैजाने मन्त्री महेश्वरजङ्ग गहतराजले जानकारी दिनुभयो । नेपाल आर्मीको समूहले ब्यानरमा उहाँको रङ्गीन तस्बीरसहित "वी वील मिस यु ....।" लेखेको छ।




मन्त्रीसहित राखेपका पदाधिकारीको समूह उहाँका परिवारलाई भेट्न गएको छ। खेलकै क्रममा दुर्घटना भएपछि स्थगित प्याराग्लाइडिङ प्रतियोगिताको पदक छिनोफानो अभ्यास खेलको नतिजालाई आधारमानेर गरिएको नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ सङ्घका महासचिव शैलेन्द्र रावतले जानकारी दिनुभयो । क्रसकन्ट्री, टिम क्रसकन्ट्री र एक्युरेसी विधामा भएका खेलमा टिम र एकलतर्फ गण्डकी र विभागीय टिम नेपाली आर्मीले समान तीन/तीन स्वर्ण जितेका छन् । जसअनुसार क्रसकन्ट्रीमा गण्डकीको टिमले स्वर्ण पदक जितेको छ। खेलाडी विजय गौतम, सुशील गुरुङ, शेरबहादुर गुरुङ र युकेश गुरुङ सम्मिलित गण्डकीको टिमले कूल दुई हजार सात सय ५० अङ्कसहित स्वर्ण पदक हात पारेको हो । विभागीय टिम आर्मीले क्रस कन्ट्रीमा रजत पदक जितेको छ। कूल दुई हजार पाँच सय ५५.९ अङ्कसहित आर्मीले रजत पदक जितेको हो। टिममा सुरज थापा, विजय दाहाल, निसिम थापा र विशाल जलारी सहभागी हुनुहुन्थ्यो । उक्त टिमका निसिम थापाको दुर्घटनाकै कारण असोज ३० गते मृत्यु भएको थियो। बागमती प्रदेशले क्रसकन्ट्रीमा कास्य पदक हात पारेको छ । कास्य जितेको बागमती प्रदेशको टिममा कृष्णबहादुर सुनुवार, मोहनकुमार सुनुवार, विशाल लामा र भवन आचार्य सहभागी हुनुहुन्थ्यो । उहाँहरूले कूल दुई हजार एक सय ४८.३ अङ्क प्राप्त गरेको सङ्घले जनाएको छ।

क्रसकन्ट्री विधाको व्यक्तिगततर्फ नेपाल आर्मीले स्वर्ण पदक हात पारेको छ। आर्मीका सुरुज थापाले कूल एक सय अङ्कसहित स्वर्ण पदक हात पार्नुभएको हो ।सोही खेलमा गण्डकी प्रदेशका विजय गौतमले रजत पदक हात पार्नुभएको छ । उहाँले कूल नौ सय ४८.६ अङ्क हात पार्नुभएको थियो । त्यस्तै, बागमतीका कृष्णबहादुर सुनुवारले कास्य पदक जित्नुभएको छ। उहाँले कूल नौ सय २५.६ अङ्क प्राप्त गर्नुभएको थियो ।प्याराग्लाइडिङकै एक्युरेसी विधाको समूह पुरुष स्पर्धामा गण्डकी प्रदेशले स्वर्ण पदक हात पारेको छ भने एक्युरेसी व्यक्तिगत पुरुष विधातर्फ गण्डकीले नै स्वर्ण पदक हात पारेको छ । त्यस्तै महिला टिम एक्युरेसीतर्फ विभागीय टिम नेपाल आर्मीले स्वर्ण पदक हात पारेको छ भने महिला एक्युरेसी व्यक्तिगत महिलातर्फ आर्मीले स्वर्ण पदक प्राप्त गरेको छ ।क्रसकन्ट्री अन्तर्गत प्रतिस्पर्धा भइरहेको बेला प्याराग्लाइडिङ टेकअफका क्रममा दुर्घटना हुँदा नेपाल आर्मीका २५ वर्षीय निसिम थापाको मृत्यु भएको थियो।

## व्यवस्थासँगै अवस्था परिवर्तन गर्न आवश्यक छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, ३ कार्तिक

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देशमा व्यवस्था बदलिए पनि जनताको अवस्था नबदलिएकाले अवस्था बदल्न आफ्नो उम्मेदवारी रहेको बताउनुभएको छ।

जिल्लाको व्यास नगरपालिका-८ रिस्तीमा आज आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले देशमा सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रणमा लाग्नेमा जोड दिँदै देश र गाउँको विकासमा तल्लीन भएर लाग्ने बताउनुभयो। लोकतन्त्र र संविधानको रक्षा गर्न वाम गठबन्धन गरेर चुनावी मैदानमा अघि बढिएको उहाँले बताउनुभयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै देशमा सुशासन कायम गर्न गठबन्धन गरी देशलाई निकास दिन सक्रिय भएर लाग्ने उहाँले बताउनुभयो । "मैले ल्याएको केही विकासका योजना अधुरा छन्", उहाँले भन्नुभयो, "अधुरा काम पूरा गर्नेछु, जनतासामु बोलेका कुरा व्यवहारमा लागू गर्न लाग्नेछु ।" सहिदका बलिदानबाट प्राप्त भएका जनताका अधिकारलाई कुण्ठित गर्ने प्रपञ्च रचिएको हुँदा त्यसको रक्षाका लागि खबरदारी गर्न गठबन्धन गरी अघि बढेको उहाँले बताउनुभयो।

डेंगीबाट बचौं

◆ उच्च ज्वरो आउनु।
◆ जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
◆ आँखाको गेडी दुख्नु।
◆ अत्याधिक टाउको दुख्नु।
◆ शरीरमा राता बिमिराहरू आउनु।
◆ वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वेटमार्डन

## सम्पादकीय

# मतदाता प्रलोभनमा पार्ने होड

निर्वाचन आयोगमा पुगेर आचारसंहिता पालना गर्ने प्रतिबद्धता जनाउने ठूला दलका शिर्ष नेता नै आचारसंहिता उल्लंघन गर्न थालेका छन् । सत्ता गठबन्धनका शिर्ष नेताका बारेमा प्रश्न उठ्नु राम्रो संकेत होइन । जनतालाई प्रलोभनमा पारेर चुनाव जित्न खोज्नु निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचन गराउन सघाउनु पर्ने सत्तारूढ दलका शिर्ष नेताहरूको क्रियाकलापले चुनाव निष्पक्ष हुन सक्दैन भन्ने सन्देश हो । देशमा रोजगारी नपाएर विदेशीन बाध्य युवाहरूलाई प्रलोभनमा पार्ने काम प्रधानमन्त्री पत्नी एवं काङ्ग्रेस नेतृ आरजु राणा देउवाले डडेल्धुरामा उमेदवार दर्ताबाटै शुरु गरेकि हुन । प्रत्येक वडाबाट ४-५ जनालाई विदेश पठाउने प्रलोभन दिएकि थिइन । सत्ता गठबन्धनका मन्त्री र नेताहरूले युवाहरूलाई विदेश पठाउने प्रलोभन दिँदै आएका छन् । पूर्व प्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले रौतहटमा मतदातालाई प्रलोभन दिएको अभिव्यक्ति सार्वजनिक भएको छ ।

पूर्व प्रधानमन्त्री नेपालको पार्टीका उमेदवार पूर्व श्रम तथा रोजगार मन्त्री किसान श्रेष्ठले बारा निर्वाचन क्षेत्र नं ४ मा युवालाई फ्रि भिसा फ्रि टिकट विदेश पठाउने भनेर प्रलोभनमा पार्ने काम गरेको समाचार सार्वजनिक भएको छानेता नेपाल र उनकै पार्टीका उमेदवारले मतदातालाई प्रलोभनमा पारेको समाचार र अभिव्यक्ति सार्वजनिक भएपछि निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छानेता नेपालमाथि मतदाता प्रलोभन कसुरमा अनुसन्धान हुने भएको छ । निर्वाचन आयोगले जिल्ला प्रहरी कार्यालय रौतहटलाई पत्राचार गर्दै मतदातालाई प्रलोभनमा पारेको कसुरमा उनीमाथि अनुसन्धान अघि बढाउन भनेको छ । आयोगले गरेको पत्राचारमा कसुरमा कारबाही गर्नू भने पनि प्रहरीले अनुसन्धान मात्रै गर्नसक्ने निर्वाचन आयोगका अधिकारीको भनाइ छ । ' निर्वाचन आचार संहिता उल्लंघनमा आयोगले नै अनुसन्धान गर्छ र प्रलोभन देखाएर मत माग्ने विषय कसुर भएकाले कसुरउपर अनुसन्धान गर्न प्रहरीलाई भनेका छ । प्रहरीले सत्तारूढ दलका नेतालाई कार्वाही सिफारिस गर्न सक्ला भनेर कसैले पत्याउदैन ।

आयोगलाई प्राप्त विवरण निर्वाचन कसुरअन्तर्गत हो वा होइन भन्ने अनुसन्धान गरी जानकारी गराउन पत्राचार गरिएको छाप्रहरीलाई पत्राचार गर्नु जनताको आँखामा छारो हाल्ने काम हो । 'रौतहटको विवरण निर्वाचन कसुर ऐनसँग सम्बन्धित हो कि होइन त्यहाँबाट पनि अनुसन्धान गर्नु है भनेर पत्र लेखिएको भनेर निर्वाचन आयोगले बताएको छ । निर्वाचन कसुर ऐनसँग पनि सम्बन्धित देखिएको हुँदा प्रहरीलाई समेत लेखिएको बतापनि सबै दोष प्रहरीलाई दिएर पानी माथिको ओभानो बन्न खोजेको छ । निर्वाचन आयोगको पत्रमा दफा ३९ अनुसार कारबाही गर्नु भनिएको छ । निर्वाचन कसुर तथा सजाय ऐन २०७३ को दफा ३९ (१) मा निर्वाचन कसुरको अनुसन्धान आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको अधिकारीले गर्ने उल्लेख छ । यस्तै, दफा ३९ कै उपदफा (२) मा मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले पर्याप्त सबुद प्रमाणको आधारमा कसुरमा संलग्न रहेको शंका लागेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिई त्यस्ता व्यक्तिलाई पक्राउ गर्न सक्ने उल्लेख छ । निर्वाचन आयोगले भने अध्यक्ष नेपाललाई पक्राउ वा कारबाहीका लागि प्रहरीलाई पत्राचार नगरेको स्पष्ट पारेको छ ।

रौतहटमा आयोजित कार्यक्रममा मतदातालाई प्रलोभन पार्ने गरी वक्तव्य दिएको भन्दै बिहीबार आयोगले अध्यक्ष नेपाललाई स्पष्टीकरण समेत सोधेको छा आयोगलाई प्राप्त श्रव्य-दृश्य सामाग्रीका आधारमा उक्त अभिव्यक्ति निजकै रहेको भन्दै आयोगले गम्भीर ध्यानाकर्षण भएको बताएको छ । 'तपाईंले 'बिना ढेउवा के भिसा मिलते हैं, टिकट मिलते हैं, काठमाडौं तालिम मिलते है' भनि सार्वजनिक वक्तव्य दिएको श्रव्यदृश्य सामग्री सामाजिक सञ्जालमा सार्वजनिक भएको र सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको सो श्रव्यदृश्य सामग्रीको विषयमा आयोगबाट गठित सामाजिक सञ्जाल अनुगमन टोलीबाट अध्ययन तथा परीक्षण गर्दा तपाईंको होइन भन्न सकिने कुनै आधार कारण नदेखिएकोले उक्त विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भई यो पत्र लेख्ने कार्य भएको छा' भनेर लेखेको छासत्तारूढ दलका शिर्ष नेतालाई यति पत्र लेख्नु पनि सकारात्मक हो । शिर्ष नेतालाई पत्र लेख्ने निर्वाचन आयोगले अन्य उमेदवार र विपक्षी दललाई छोड्दैन भन्ने सन्देश हो ।

# तिहारमा साढे चौबीस लाख फूलका माला खपत हुने

**रासस**

**काठमाडौं, ३ कार्तिक**

यसवर्षको तिहारमा २४ लाख ५० हजार फूलका माला खपत हुने भएको छ । यो गत वर्षको तुलनामा तीन लाख ५० हजारले बढी हो । गतवर्ष तिहारमा २१ लाख माला खपत भएको थियो । यस वर्ष भने बजारमा २४ लाख ५० हजार मालाको माग रहेको बताइएको छ । बजारमा फूलको माग बढे पनि स्वदेशमै उत्पादन राम्रो रहेकाले आयात गर्ने फूलमा भने कमी गरिने जनाइएको छ ।

नजिकिँदै गरेको तिहारका लागि बजार मागको जम्मा तीन लाख सयपत्री फूलका माला भारतबाट आयात गर्ने तयारी रहेको फ्लोरीकल्चर एशोसिएशन नेपालका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिनुभयो । गत वर्षको तिहारमा तीन लाख ६५ हजार माला भारतबाट ल्याइएको थियो । अघिल्लो वर्षको तुलनामा यसवर्ष ६५ लाख माला कम गर्न लागिएको हो । यसवर्ष भारतबाट रु एक करोड ५० लाखको माला आयात गर्ने तयारी छ । अघिल्लो वर्षको तुलनामा यसवर्ष ठिक समयमा तिहार परेको छ । त्यसका कारण स्थानीय फूल फुलिरहेका छन् । ती सबै फूल तिहारका लागि प्रयोग हुन्छ । व्यवसायिले यसवर्ष पात्रो हेरेर व्यावसायिक रूपमा फूल लगाएकाले उत्पादन राम्रो छ । यस वर्षको तिहारमा खपत हुने २४ लाख ५० हजार मालामध्ये तीन लाख सयपत्री फूलको माला मात्रै भारतबाट ल्याउने र बाँकी अन्य सबै स्वदेशी उत्पादनले नै पुग्ने छ । प्रत्येक वर्ष १० देखि १५ प्रतिशत स्वदेशी फूल उत्पादनमा वृद्धि हुने गरे पनि हरेक वर्ष बजार माग पनि बढ्दै गएकाले केही माला भारतबाट ल्याउनुपर्ने अवस्था अझै रहेको अध्यक्ष तामाङले बताउनुभयो । हरेक वर्ष तिहारको समयमा मात्रै रु १४ करोडको फूलको कारोबार हुने गरेको छ । गत आर्थिक वर्षमा रु दुई अर्ब ३० करोडको कारोबार गरिएको जनाइएको छ । आर्थिक वर्ष २०७८/२०७९ मा नेपालले रु ३६ करोड पाँच लाख बराबरको पुष्पजन्य वस्तुको आयात गरेको बताइएको छ ।

# अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च

**रासस**

**काठमाडौं, ३ कार्तिक**

पछिल्लो समय अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दै गएको छ ।

नेपाल राष्ट्र बैंकले आजका लागि तय गरेको विनिमय दर अनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३२ रुपैयाँ ५४ पैसा छ भने बिक्रीदर एक सय ३३ रुपैयाँ १४ पैसा छ । केन्द्रीय बैंकले अघिल्लो दिन एक अमेरिकी डलरको खरिददर एक सय ३१ रुपैयाँ ४८ पैसा र बिक्रीदर एक सय ३२ रुपैयाँ आठ पैसा तोकेको थियो । त्यस्तै बिहीबार युरोको खरिद मूल्य एक सय २९ रुपैयाँ ६५ पैसा र बिक्री मूल्य एक सय ३० रुपैयाँ २४ पैसा रहेको छ ।विश्व बजारमा अमेरिकी डलर बलियो भएसँगै नेपाली मुद्राको भाउ अवमूल्यन भएको हो । नेपाली मुद्राको भारतीय रुपैयासँग स्थिर विनिमयदर रहेको र अमेरिकी डलर बलियो बन्दा भारुको मूल्य खस्कने भएकाले त्यसको असर नेपाली मुद्रालाई पर्ने गरेको छ ।

पछिल्लो समय अमेरिकी डलरको मूल्यमा लगातार वृद्धिहुँदा विप्रेषण आय, पर्यटन क्षेत्रको आय तथा निर्यात व्यापारमा सकारात्मक प्रभाव रहन्छ । तर, नेपालको अर्थतन्त्रमा अमेरिकी डलर बलियो बन्दा त्यसको प्रभाव नकारात्मकसमेत पर्ने जानकारहरू बताउँछन् । नेपालको वैदेशिक व्यापार स्थिति निर्यातका तुलनामा आयात उच्च रहने भएकाले त्यसको भुक्तानी डलरमा हुने र यसले व्यापार घाटा झनै बढ्ने हुन्छ । यसले शोधनान्तरस्थिति र विदेशी मुद्रा सञ्चितिमासमेत असर पार्छ ।त्यस्तै डलरको भाउ बढ्ने वित्तिकै आयातीत वस्तु, इन्धनलगायतको मूल्य बढ्ने, विदेशी ऋणको सावाँ र ब्याजको परिणाम डलरको मूल्यसँगै बढ्ने हुन्छ ।

# बक्सिङमा ११ स्वर्णसहित आर्मी च्याम्पियन

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत भएको बक्सिङ प्रतियोगितामा त्रिभुवन आर्मी क्लब ११ स्वर्णसहित च्याम्पियन बनेको छ । एपिएफले चार, बागमतीले तीन, एनआरएनले दुई, गण्डकी प्रदेश, प्रदेश नं १ र नेपाल पुलिसले समान एक-एक स्वर्ण पदक जितेका छन् ।

प्रतियोगिताअन्तर्गत ४८ केजी तौल समूहमा आर्मीका सुशील थापा, ५१ केजी तौल समूहमा नेपाल पुलिस क्लबका चन्द्रबहादुर थापा, ५४ केजी तौल समूहमा आर्मीका प्रेम चौधरी, ५७ केजी तौल समूहमा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का शिवु थापा, ६० केजी तौल समूहमा आर्मीका पुरन सुनुवार, लाइट ६३ केजी तौल समूहमा बागमतीका मौसम रानामगरले स्वर्ण पदक जिते । त्यस्तै ६७ केजी तौल समूहमा आर्मीका दानबहादुर दर्मााली, लाइट ७१ केजीमा एनआरएनका चन्द्रबहादुर तामाङ, ७५ केजी तौल समूहमा आर्मीका दीपक श्रेष्ठ, लाइट ८० केजीतर्फ आर्मीका महेन्द्र केसीले स्वर्ण पदक जिते। ८६ केजी तौल समूहमा एपिएफका रविन नेपाली, ९२ केजी तौल समूहमा गण्डकीका दीपक सुनुवार, ९२ केजीभन्दा माथिको तौल समूहमा आर्मीका आशिष दबाडीले स्वर्ण पदक हात पारे । यसैगरी महिलातर्फ ४८ केजी तौल समूहमा बागमती प्रदेशकी सुष्मा तामाङ, महिलातर्फको ५० केजी तौल समूहमा पुलिसकी दिवाना शर्मा, ५२ केजी तौल समूहमा आर्मीकी मीनु गुरुङ, ५४ केजी तौल समूहमा आर्मीकी वर्षा श्रेष्ठ, ५७ केजी तौल समूहमा आर्मीकी चन्द्रकला थापा, ६० केजी तौल समूहमा एपिएफकी सङ्गीता सुनार, ६३ केजी तौल समूहमा आर्मीकी पुनम रुवाल, ६६ केजी तौल समूहमा एपिएफकी विनिता मगर, ६९ केजी तौल समूहमा एपिएफकी सरस्वती रानामगरले स्वर्ण पदक हात पारे ।

# टेनिसमा आर्मी चार स्वर्णसहित टिम च्याम्पियन

**पोखरापत्र संवाददाता**

**पोखरा, ३ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत टेनिसमा विभागीय टोली नेपाली सेना चार स्वर्णसहित १० पदक जितेर टिम च्याम्पियन बनेको छ ।



यसैगरी गण्डकी प्रदेशले तीन स्वर्ण र दुई कास्यसहित पाँच पदक जितेर द्वितीय बन्न सफल भयो । बागमती प्रदेश एक कास्य र चार रजत पदक जित्दा सशस्त्र प्रहरीले एक कास्य र तीन रजत पदक जित्यो । नेपाल प्रहरीले एक रजत र तीन कास्य पदक जित्दा एनआरएनले एक रजतमा चित्त बुझायो । यसैगरी आज सम्पन्न टेनिसको पुरुष एकलतर्फको प्रतिस्पर्धामा गण्डकीका प्रदीप खड्का र महिलातर्फ नेपाली सेनाका अभिलाषा विष्टले स्वर्ण पदक जिते । पोखरा रङ्गशालाको टेनिस कोर्टमा भएको अन्तिम चरणको प्रतिस्पर्धामा पुरुष एकलमा गण्डकीका खड्काले एनआरएनका आरभ सम्राट हाडालाई ७-६, ६-३ सेटमा जित निकाल्दै स्वर्ण पदक जिते । नेपालको पहिलो वरियताका खड्काले स्वर्ण जित्दा हाडाले कास्यमा चित्त बुझाउनुपऱ्यो । यसैगरी महिला एकलतर्फको प्रतिस्पर्धामा सेनाका अभिलाषाले सेनाकै इरा रावतलाई ६-१, ६-६ सेटमा पराजित गर्दै स्वर्ण पदक जिते । पुरुष एकलतर्फ गण्डकीले स्वर्ण र एनआरएनले रजत पदक जित्दा सशस्त्र प्रहरीका सन्तोष खत्री र सेनाका प्रणव खनालले कास्य पदक जिते ।

महिला एकलतर्फ सेनाले स्वर्ण र रजत पदक जित्दा बागमतीका रायना शाह र प्रकृति श्रेष्ठले कास्य पदक जिते । पुरुष युगलतर्फ गण्डकी प्रदेशका प्रदीप खड्का र अनिल साइको जोडीले स्वर्ण पदक जित्दा सेनाका प्रणव र अकि जुवेन रावतको जोडीले रजत पदक जितेको छ । गण्डकीका आशिष खड्का र सौगात विकको जोडी र बागमतीका निसान श्रेष्ठ र प्रितम परियारको जोडीले कास्य जिते ।

महिला युगल विधामा नेपाली सेनाका अभिलाषा र आइरा महर्निषा रावतको जोडीले स्वर्ण जित्दा बागमतीका प्रकृति श्रेष्ठ र रायना शाहको जोडीले रजत पदक जितेको छ । सेनाका इशाश्री शाह र सुभाइगी लक्ष्मी शाहको जोडी र सशस्त्रका सुनिरा थापा र सर्भानी श्रेष्ठको जोडीले कास्य पदक जित्यो । टेनिसको मिश्रित युगलको विधामा सेनाका प्रणव र अभिलाषाको जोडीले स्वर्ण पदक जित्दा नेपाल प्रहरीका आर्यन गिरी र आइसा डोल्कर गुरुङको जोडीले रजत पदक जित्यो । सेनाका अनिल साई र प्रीति बरालको जोडी र सशस्त्रका गोविन्द नेपाली र इशाश्री शाहको जोडीले कास्य पदक जित्यो । टेनिसको टिम इभेन्ट विधामा पुरुषतर्फ गण्डकी प्रदेश र महिलातर्फ नेपाली सेनाले स्वर्ण पदक जितेका छन् । प्रतियोगितामा च्याम्पियन टोली तथा स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल टेनिस सङ्घका केन्द्रीय उपाध्यक्ष विनोद कायस्थलगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# घोडेपानीमा घोडा दौड

**पोखरापत्र संवाददाता**

**म्याग्दी, ३ कार्तिक**

म्याग्दीको पर्यटकीयस्थल घोडेपानीमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न घोडा दौड प्रतियोगिता हुने भएको छ ।

घोडेपानीका घोडा व्यवसायी र टोल सुधार समितिले आमा समूह, पर्यटन व्यवस्थापन समितिलगायत स्थानीय सङ्घ संस्थाको सहकार्यमा यही कात्तिक १७ गते प्रतियोगिता आयोजना हुने भएको हो । अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने घोडेपानी अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख पर्यटकीय गन्तव्य हो ।

समितिका अध्यक्ष विरेन गर्बुजापुनले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले घोडा दौड प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिनुभयो । पुनहिल र घोडेपानीबाट सूर्योदय, हिमाल, पहाडी भूगोल, जङ्गलको मनमोहक दृष्यावलोकन गर्न आउने पर्यटकका लागि घोडा दौड प्रतियोगिता पनि अर्को आकर्षण बन्ने विश्वास गरिएको छ । सामान ढुवानी, आवतजावत र पर्यटक बोक्नका लागि घोडेपानीमा घोडा पाल्ने गरिएको छ । घोडेपानी र घोडाको सम्बन्ध पनि छ । परापूर्वकालमा घोडेपानी भोटमा नुन लिन जाने, दामोदरकुण्डको तीर्थयात्रा गर्ने र चिनियाँ भारतीय बजार जाने आउने गर्ने बाटोमा थियो ।

समुद्री सतहदेखि करिब दुई हजार आठ सय मिटरको उचाइमा रहेको घोडेपानीमा बटुवाले घोडालाई पानी खुवाउने गरेकाले घोडेपानी नाम रहन गएको किम्वदन्ती पनि छ । यसअघि वैशाख महिनामा घोडा दौड प्रतियोगिता हुने गरेको थियो । घोडेपानीको छिमेकी कास्कीको घान्द्रुकमा घोडेजात्रा पर्वका अवसरमा घोडा दौड प्रतियोगिता आयोजना हुँदै आएको छ । दुई ठाउँमा सँगसँगै पर्ने भएकाले घोडेपानीमा यसपालिदेखि शरद याममा गर्न लागिएको टोल सुधार समितिका अध्यक्ष गर्बुजाले बताउनुभयो । घोडेपानीदेखि अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ५ मा पर्ने घोप्टेखर्कसम्म सात किलोमिटर पाँच सय मिटरको दूरीमा घोडा दौडाउने तय भएको छ । यहीकात्तिक ४ गते आयोजना गर्ने भनिएको प्रतियोगिता सडकमा राखिएको निर्माण सामग्री र उपकरण व्यवस्थापन तथा मर्मतका लागि समय लाग्ने देखिएपछि १३ दिनपछि सारिएको हो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई ट्रफी, मेडल र प्रमाणपत्रसहित क्रमशः रु ५१ हजार, ३१ हजार र २१ हजार नगद प्रदान गरिनेछ । सहभागीका लागि दर्ता शुल्क प्रतिव्यक्ति रु तीन हजार तोकिएको छ । सहभागी हुने घोडाको लागि दानाको व्यवस्था आयोजकले गर्नेछन् ।


प्रदेश सरकार

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/०३

यस कार्यालयबाट मिति २०७३/०६/११ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २६ मा संचालन गर्ने गरी पोखरा ०१ कास्की निवासी भिमसेन थापाको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ११९८३/०७३/०७४ को ओपन भ्यू पोइन्ट रेष्टुरेण्ट नामक फर्मका प्रोपराईटर श्री भिमसेन थापाले मिति २०७९/०७/०३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**पसल बिक्रीमा**

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस तु: बिक्रीमा छ ।**

**सम्पर्क:**

**९८२७१९९५८६**

**९८१९५२९०४५**

# फुटबलमा आर्मीलाई पराजित गर्दै एपिएफलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक (रासस)**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पोखरा रङ्गशालामा सञ्चालन भएको पुरुष फुटबलको स्वर्णपदक विभागीय सशस्त्र प्रहरीको एपिएफ क्लबले जितेको छ।

अत्यन्त प्रतिस्पर्धात्मक खेलमा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई बिहीबार साँझ 'सडन डेथ'मा पराजित गरी एपिएफ च्याम्पियन बन्दै स्वर्ण आफ्नो पोल्टामा पार्न सफल भयो। खेलको नियमित तथा थप गरिएको ३० मिनेटको अतिरिक्त समयमा पनि दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएकामा पेनाल्टीमा समेत समान चार/चार गोल भएपछि खेल 'सडन डेथ'मा पुगेको हो।



सडन डेथमा एपिएफका विश्वास उदासले निर्णायक गोल गर्दै टोलीलाई स्वर्ण दिलाउनुभयो । आर्मीका सुमन अर्यालको प्रहार एपिएफका गोलरक्षक राजु नगरकोटीले रोक्दा सेनाले रजत पदकमा चित्त बुझाउन विवश बन्यो। पेनाल्टी सुटआउटमा एपिएफका लागि नवीन लामा, आवास लामिछाने, सुदील सिर्खाकार, गोलरक्षक राजु नगरकोटी र रितेश धिमाल गोल गर्दा सनिस श्रेष्ठको प्रहार बाहिरिएको थियो । यसैगरी आर्मीका नवयुग श्रेष्ठ, जर्ज प्रिन्स कार्की, सिमान्त थापा र विवेक बस्नेतले गोल गर्दा सुमन अर्याल र सेसेहाङ आङ्देम्बेको प्रहार एपिएफका गोल किपर नगरकोटीले उत्कृष्ट बचाउ गर्नुभयो । प्रतियोगिताको आयोजक गण्डकी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा तृतीय हुँदै कास्यपदक पायो । राष्ट्रिय खेलकुदको पुरुष फुटबलमा प्रतियोगिताका ११ वटै टोलीले सहभागिता जनाएका थिए।

# घिसिङले गरे गण्डकीका पत्रकारको प्रशंसा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङले गण्डकीका खेल पत्रकारको प्रशंसा गरेका छन्।

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको अन्तिम दिन पोखरा रंगशालामा रहेको मिडिया सेन्टरमा पत्रकारसँग भेट गरी गरेको कामको प्रशंसा व्यक्त गर्दै धन्यवाद दिएका हुन् । उनले भने-'नवौं राष्ट्रिय प्रतियोगिता मेरो लागि पहिलो थियो । मेरो नयाँ अनुभवसँगै गण्डकीका पत्रकारहरूले प्रतियोगितालाई सफल बनाउन जुन भूमिका खेल्नु भएको छ त्यो प्रशंसनिय छ।' यस्ता ठुल्ठूला राष्ट्रिय खेलकुद तथा अन्तर्राष्ट्रिय खेलकुदहरू नेपाली खेलकुद पत्रकारहरूले गरेको कार्य आफूले सधैँ देख्दै र धेरै पटक व्यहोर्दै सम्हाल्दै आएको उल्लेख गर्दै भने-' गण्डकी प्रदेशका खेलकुद पत्रकार हरूबाट सन्देश अरू सबै प्रदेशका र केन्द्रका खेलकुद पत्रकारहरूले पनि लिएर जानु हुनेछ भन्ने मैले विश्वास लिएको छु। र उहाँहरूलाई त्यो लिएर जानुहोस् पनि भनेको छु।' गण्डकीका पत्रकारहरूले जोश र जाँगरका साथ व्यवस्थित रूपमा कार्य गरेको देख्दा आफू पनि उत्साहित भएको बताउँदै भने-'अहिले सबै राष्ट्रिय मिडियाका खेलकुद पत्रकारहरूको भनाइ के छ भने- गण्डकी प्रदेशमा कार्यरत खेलकुद पत्रकारहरूले नवौं राष्ट्रिय खेलकुदमा निकै उत्कृष्ट, निकै व्यवस्थित खालको मिडियाको कामलाई तुल्याएको छ भन्ने उहाँहरू सबैको प्रतिक्रिया छ। यो प्रतिक्रियाप्रति म निकै आभारी छु, त्यसका लागि खुसी व्यक्त गर्न चाहन्छु र गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।'

# महिला फुटबलको स्वर्ण सशस्त्रलाई

**पोखरापत्र संवाददाता**
**वालिङ, ३ कार्तिक (रासस)**

सशस्त्र प्रहरीले नवौँ राष्ट्रिय महिला फुटबलको स्वर्णपदक जितेको छ । स्याङ्जाको वालिङमा बिहीबार सम्पन्न फाइनल खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलले पराजित गर्दै सशस्त्रले उपाधिको रक्षा गरेको हो।

सशस्त्रलाई स्वर्णपदक दिलाउन सावित्रा भण्डारीले दुई गोल गरिन् । उनले खेल सुरू भएको १० मिनेटमा पहिलो गोल गरिन् । १-० ले अगाडि रहेको सशस्त्रका लागि मध्यान्तरपछि ५२ मिनेटमा पुनःभण्डारीले दोस्रो गोल थपिन् । २-० ले पछाडि परेको पुलिसले ७६ मिनेटमा सान्त्वना गोल फर्कायो । पुलिसका लागि एक गोल निरू थापाले गरेकी हुन्।

पराजयसँगै पुलिसले रजत पदक प्राप्त गरेको छ भने त्रिभुवन आर्मी क्लबले तेस्रो स्थानसहित कांस्यपदक पाएको छ। आर्मीले प्रदेश नं १ लाई ७-० ले पराजित गरेको हो । आर्मीका लागि तेस्रो मिनेटमा हिमा चौधरीले गोल गरिन्। त्यस लगतै अमिशा कार्कीले ५, ३५ र ४१ मिनेटमा गरी ह्याट्रिक पूरा गरिन्। त्यस्तै चन्द्रा भण्डारीले ४३ मिनेटमा थप एक गोल गरी पहिलो हाफमा ५-० ले आर्मी अगाडि रह्यो । दोस्रो हाफको ६१ मिनेटमा गङ्गा गुरुङ र ७१ मिनेटमा कुसुम खतिवडाले एक/एक गोल गरेका थिए। मङ्गलबार भएको सेमिफाइनल खेलमा सशस्त्र प्रहरीले त्रिभुवन आर्मी क्लबलाई र पुलिसले प्रदेश नं १ लाई पराजित गर्दै फाइनल प्रवेश गरेका थिए। प्रतियोगितामा तीन विभागीय टिमसहित सात वटा प्रदेशबाट एक/एक टिम गरी कूल १० टिमको सहभागिता थियो।

# पुरुष भलिबलमा एपिएफलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक (रासस)**



पोखरामा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष भलिबलको स्वर्ण सशस्त्र प्रहरीको एपिएफ क्लबले जितेको छ । पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आज सम्पन्न फाइनलमा नेपाली सेनाको त्रिभुवन आर्मीलाई सोझो सेटमा हराउँदै एपिएफले स्वर्ण जितेको हो।

खेलमा एपिएफले पहिलो सेट २५-२१ ले आफ्नो पक्षमा पारेकामा दोस्रो सेट प्रतिस्पर्धात्मक हुँदाहुँदै एपिएफले २७-२५ ले बाजी माऱ्यो। तेस्रो सेट जितेर खेल लम्ब्याउने आर्मीको प्रयास सफल हुन सकेन । अन्ततः एपिएफले तेस्रो सेट पनि २६-२४ जित्दा आर्मीले रजतमा चित्त बुझायो । एपिएफका प्रशिक्षक पुष्प मल्लले आर्मीको रिसिभसमेत कमजोर हुँदा अङ्क बटुल्न सफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हरेकजसो प्रतियोगितामा पुलिस वा आर्मीसँग नै फाइनलमा भिड्थ्यौँ । आर्मीको खेल नराम्रो भन्न मिल्दैन । हाम्रो ब्लक र डिफेन्स बलियो हुँदा यसपल्ट आर्मीको दबदबालाई तोडेर जीत हात पार्न सफल भयौँ।"आर्मीले सेमिफाइनलमा अर्को विभागीय टिम पुलिसलाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो। एपिएफले घरेलु टिम गण्डकी प्रदेशलाई सेमिफाइनलमा हराएको थियो । एपिएफले दोस्रोपल्ट पुरुष भलिबलमा स्वर्ण जितेको हो । यसअघि छैटौँ राष्ट्रिय खेलकुदमा एपिएफले स्वर्ण जितेको थियो । नवौँमा महिला भलिबलतर्फ पनि बुधबार म्याग्दीको बेनीमा एपिएफले पुलिसलाई हराएर स्वर्ण जितेको थियो । कास्य पदकका लागि बिहीबार नै भएको प्रतिस्पर्धामा पुलिसले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। पहिलो सेट २६-२४ ले प्रतिस्पर्धात्मक बने पनि दोस्रो र तेस्रो सेटमा भने गण्डकीको खेल खस्कियो।

पुलिसले दोस्रो र तेस्रो सेट क्रमशः २५-१४ र २५-१८ ले आफ्नो पक्षमा पारेर कास्य हात पाऱ्यो। भलिबलमा तीन विभागीय, सात प्रदेश र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) गरी ११ टोली सहभागी थिए।

# गठबन्धन रहरले बनेको होइन – शिक्षामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ कार्तिक**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले गठबन्धन रहरले नभई देशको आवश्यकताले बनेको बताउनुभएको छ।

ताराखोला गाउँपालिकामा बिहीबार चुनावी सम्पर्क कार्यालयको उद्घाटन गर्दै उहाँले संविधानका उपलब्धिको रक्षाका लागि गठबन्धन बनेको धारणा राख्नुभयो।

"संविधान र लोकतन्त्रको रक्षाका लागि दलहरूबीच सहकार्य भएको हो", मन्त्री पौडेलले भन्नुभयो, "प्राप्त उपलब्धि जोगाउने र थप हकअधिकारको सुनिश्चितताका लागि सङ्घर्ष गर्दै जानुपर्ने दायित्व हाम्रासामु छ।"

सत्ता गठबन्धनबाट बागलुङ-२ बाट उम्मेदवार बन्नुभएका मन्त्री पौडेलले समावेशी, समानुपातिक पहुँच र प्रतिनिधित्वसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ सुदृढ र संस्थागत गर्न आवश्यक रहेको बताउनुभयो । जनताद्वारा निर्वाचित प्रतिनिधिले नै विगतमा दुई/दुई पटक संसद् भङ्ग गरेको दृष्टान्त सुनाउँदै उहाँले त्यस्तो प्रवृत्तिले देशलाई अहित गर्ने बताउनुभयो।

मन्त्री पौडेलले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावमा बागलुङका सबै निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनका उम्मेदवारले जित्ने दाबी गर्नुभयो । "जिल्लाका सबै स्थानीय तहमा गठबन्धनको जनमत बढी छ, विगतको चुनावी परिणाममा पनि हामी अगाडि छौँ, यहाँ अरु कसैले जित्ने सम्भावना छैन", उहाँले भन्नुभयो।

# कास्कीमाथि तनहुँको ऐतिहासिक जित

**पोखरापत्र संवाददाता**
**दमौली, ३ कार्तिक**

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको छनोट खेलमा कास्कीमाथि तनहुँले ऐतिहासिक जित निकालेको छ। पोखरामा सुरु छनोट खेलमा तनहुँले कास्कीलाई पराजित गरेको हो।

हालसम्मका खेलहरूमा तनहुँले कास्कीमाथि विजय हासिल गर्न सकेको थिएन । उक्त खेलमा तनहुँले कास्कीलाई एक विकेटले पराजित गरेको छ । कास्कीले १३८ को लक्ष्य दिएकामा तनहुँले ४३औँ ओभरमा एक विकेटले विजय हासिल गरेको छ । खेलमा तनहुँका लागि कप्तान चन्द्रकान्त र अभिषेक बस्नेतले समान ३-३ विकेट लिनुभयो भने प्रदीप अर्याल र दिनेश बुढा मगरले समान २-२ विकेट लिनुभएको थियो।

दोस्रो ब्याटिङ गर्दा प्रदीपले निर्णायक १६ रन बनाएर खेल समाप्त गर्नुभयो । प्रदीप र सन्दीपले अन्तिम विकेटका लागि २४ रनको साझेदारी गर्दै इतिहास रच्नुभयो। चन्द्रकान्तले पोखरा जानुअघि पाँच दिने क्याम्पेनका लागि पहल गर्नुभएको थियो । त्यसले खेलाडीलाई खेल जित्नका लागि सहयोग पुऱ्याएको छ।

प्रधानमन्त्री क्रिकेट कपका लागि चन्द्रकान्त पौडेलको कप्तानीमा खेलाडी छनोट गरिएको थियो।

उक्त टिमको सहकप्तानमा समिर कँडेल रहनुभएको छ । छनोट भएका अन्य खेलाडीमा अभिषेक बस्नेत, कविन्द्र पण्डित, विनय भण्डारी, दिनेश बुढामगर, उत्सव श्रेष्ठ, सचिन अधिकारी, सन्दीप पराजुली, आनन्द सुनार, इशान श्रेष्ठ, इरिक श्रेष्ठ, प्रदीप अर्याल, सन्दिप गुरुङ, मनिष थापा, मिलन श्रेष्ठ र सविन नेपाली हुनुहुन्छ।

# चार गुणा चार सय मिटर रिले दौडको दुवै विधामा आर्मीलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत एथ्लेटिक्सको चार गुणा चार सय मिटर रिले दौडको पुरुष र महिलातर्फका दुवै विधामा त्रिभुवन आर्मी क्लबले स्वर्ण पदक जितेको छ।

पोखरा रङ्गशालामा आज भएको खेलमा आर्मीका सोमबहादुर कुमाल, रामप्रसाद थारु, जीवन चौधरी र प्रकाश दनुवारको टोलीले तीन मिनेट १८ दशमलव ३६ सेकेन्ड समय लगाउँदै स्वर्ण पदक हात पारेका हुन् । सो स्पर्धामा सशस्त्र प्रहरी बल (एपिएफ)ले रजत पदक जित्यो । एपिएफको टोलीमा नीरप्रताप महतो, आशिष चौधरी, शिवराज पार्की र सन्दिप नेपाली थिए।

उनीहरूले तीन मिनेट २५ दशमलव ८२ सेकेन्ड समय निकाल्दै रजत जितेका हुन् । त्यसैगरी नेपाल प्रहरीले कास्य पदक हात पाऱ्यो। प्रहरीका अमृत बोट, सहनचन्द्र शाह, तेजबहादुर कार्की र अरुण महतो थारुको टोलीले कास्य जितेको हो । उनीहरूले तीन मिनेट २९ दशमव ३५ सेकेन्ड समय लगाउँदै कास्य जितेका हुन। यसैगरी सोही स्पर्धाको महिलातर्फको विधामा पनि त्रिभुवन आर्मी क्लबले नै स्वर्ण जितको छ । सरस्वती भट्टराई, जयरानी थारु, निर्मला थापा र कलेसी चौधरी सम्मलित टोलीले चार मिनेट शुन्य दुई दशमलव ७८ सेकेन्डको समय निकाल्दै स्वर्ण जितेको हो।

सोही स्पर्धामा लुबिनी प्रदेशले रजत जित्दा बागमती प्रदेशले कास्य पदक हात पाऱ्यो । लुम्बिनी प्रदेशकी निशा थारु, सम्झना थारु, अरुणा रिजाल र रामकुमारी थारुको टोलीले चार मिनेट १४ दशमलव ८० सेकेन्ड समय लगाउँदै रजत पदक जितेको हो । बागमती प्रदेशकी अञ्जु खड्का, रजिना दुलाल, स्वागता खाइजु र सन्तोषी श्रेष्ठ सम्मेलित टोलीले चार मिनेट २२ दशमलव ७९ समय लगाउँदै कास्य जितेका हुन्।


## Pokhara Metropolitan City
### Office of Municipal Executive
### Newroad, Pokhara

## Invitation for Bids

**IFB No: 12/PMC/079-080**
**(First Date of publication: 2079/07/04)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids for SQ Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | IFB No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 12.1/PMC/079-080 | Upgrading of Soldhunga to Begnas Nahar Road, PMC-30 (Contract ID: - 40/PMC/SQ/W/079-80) | 1,000.00 | 50,000.00 | 17,26,885.56 | 75 days |
| 2 | 12.2/PMC/079-080 | Upgrading of Shanti Nagar to Janai Mantarni Chautaro Road, PMC-30 (Contract ID: - 41/PMC/SQ/W/079-80 | 1,000.00 | 50,000.00 | 17,26,370.21 | 75 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For SQ Contract | NA | NA | 11/06/2022 | 12:00 | 11/06/2022 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**